# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

## प्रेस विज्ञप्ती

**बजारको वर्तमान अवस्था तथा देखिएका समस्या समाधानका प्रयास सम्बन्धमा ।**

बजारको वर्तमान अवस्था तथा पछिल्लो समयमा लगानीकर्ताहरुले पूँजी बजार सम्बन्धी राखेका मागहरुको सम्बन्धमा बोर्डको ध्यानाकर्षण भई यस प्रति बोर्ड सम्बेदनशील भएको छ । हाल देशमा राजनीतिक स्थायित्व कायम भईसकेको र सरकारले वित्तीय प्रणालीमा विभिन्न सुधारका कार्यक्रमहरु अगाडि बढाई पूँजी बजार मार्फत देशको आर्थिक समृद्धिमा जोड दिएको छ ।

बोर्डले हाल बजारको अध्ययन गर्दा पछिल्लो समयमा सूचीकृत संगठित संस्थाहरुले साधारण सभा गर्ने क्रममा रहेका र यसरी साधारण सभा गर्ने संस्थाहरुले लाभांसको समेत घोषणा गरिरहेका छन् । साथै धेरै जसो सूचीकृत संगठित संस्थाहरुले प्रकाशन गरेको यस आ.ब. को प्रथम त्रैमासिक अवधिको वित्तीय विवरणमा नाफाको अवस्था समेत राम्रो रहेको देखिन्छ ।

नेपाल सरकार र बोर्डले हाल बजार विकास तथा सुधारका लागि विभिन्न कार्यक्रमहरु अगाडि बढाईएको सन्दर्भमा सरकारले बजेट मार्फत पूँजी बजारमा विगत केही बर्षहरुदेखि अन्यौलको रुपमा रहेको भ्याटको समस्यालाई समाधान गरी स्थायित्व दिएको छ । बजारको दीर्घकालिन विकासको लागि सरकारले प्रोत्साहनमूलक नीति तथा कार्यक्रमहरु अगाडि बढाएको छ । धितोपत्रको प्राथमिक बजार ७७ जिल्लामा विस्तार भै–सकेको, दोस्रो बजारको कारोवार पूर्ण स्वचालित अनलाईन प्रणालीमा जाने क्रममा रहेको र दोस्रो बजारको दायरा अझै फराकिलो बनाउन बोर्डको आ.ब. २०७५।०७६ को नीति तथा कार्यक्रम अनुसार संघीय संरचना अनुसार विभिन्न प्रदेशहरुमा आर्थिकरुपमा सक्रिय जिल्ला/स्थानहरुमा (काठमाण्डौ उपत्यका वाहेक) स्थानीय स्तरमा धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्र प्रदान गर्न आवश्यक कार्य अगाडि बढाउन बोर्डले नेपाल स्टक एक्सचेञ्ज लि. (नेप्से) लाई निर्देशन दिइसकेको छ भने धितोपत्र बजारमा धितोपत्र व्यापारी (डिलर) लाई प्रवेश गराउन भैरहेको तयारीको सम्बन्धमा समेत नेप्सेसँग जानकारी माग गरेको छ । साथै बैकल्पिक लगानी कोष नियमावली मार्फत प्राइभेट इक्यूटी, भेन्चर फण्ड र हेज फण्ड प्रवेश गराई कम्पनीहरुलाई चाहिने दीर्घकालीन कोषको

Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np

व्यवस्था गर्ने कार्य अगाडि बढी सकेको छ भने मार्जिन ट्रेडिङ्ग शुरु गर्ने कार्य समेत अन्तिम चरणमा पुगेको छ ।

यसरी नेपाल सरकार र नेपाल धितोपत्र बोर्डले धितोपत्रको प्राथमिक र दोस्रो बजार विकास तथा सुधारका विभिन्न कार्यहरु अगाडि बढाईरहेको, देशको समष्टिगत आर्थिक अवस्था तथा पछिल्लो समयमा सूचीकृत कम्पनीहरुको वित्तीय कार्यसम्पादन समेत सन्तोषजनक रहेको देखिन्छ । बजारको स्वरुप गतिशिल हुने र गतिशिल बजारमा विभिन्न प्रकारका मुद्दाहरु उठीरहने सन्दर्भमा बजारलाई थप सुदृढीकरण गर्न तथा हालको अवस्थालाई समेत सम्बोधन गर्न हालै सरकारले पूँजी बजार र मुद्रा बजारमा वित्तीय स्थायित्व कायम गरी औद्योगिक एवं पूँजी बजारमा लगानीका समस्याहरु पहिल्याएर सात दिनभित्र सुझाव पेश गर्न अध्ययन समिति गठन गरेको सवैलाई अवगत नै छ । लगानीकर्ताहरुको समेत प्रतिनिधित्व रहेको उच्च स्तरीय उक्त समितिले दिने सुझावहरुको कार्यान्वयनबाट बजार विकास एवं स्थायित्व अभिबृद्धी हुनेमा बोर्ड विश्वस्त रहेको छ ।

यसरी नेपाल सरकार र बोर्ड बजारका समस्याहरु प्रति सम्बेदनशील भई समाधानका लागि प्रयत्नशील रहेको हालको अवस्थामा लगानीकर्ताहरु तथा पूँजी बजार सम्बद्ध सवै पक्षहरुको संयमता तथा सहयोगको समेत बोर्डले अपेक्षा गरेको छ ।

मिति : २०७५।०८।२३

प्रवक्ता

Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np